apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्षः १२ ● अंकः २१३ ● पृष्ठः ४ ● ०३ भदौ २०८३ बुधबार (19 August 2026. Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

# सुनसरी-सिरहा घटनामा सुरक्षाकर्मीकै गोलीबाट चार जनाको मृत्यु, दोषीमाथि कारबाही सिफारिस

### छानबिन समितिको निष्कर्ष : बाहिरी घुसपैठ पुष्टि भएन, भिड नियन्त्रणमा गैरघातक हतियार र बडीवर्न क्यामेरा अनिवार्य गर्न सुझाव

**अपन दैनिक ब्यूरो**
**सिरहा, भदौ ०२ गते**





सुनसरी र सिरहामा भएका हिंसात्मक घटनाको छानबिन गर्न गठित छुट्टाछुट्टै समितिले दुवै घटनामा सुरक्षाकर्मीले चलाएको गोली लागेर चार जनाको मृत्यु भएको निष्कर्ष निकालेका छन् । घटनामा बाहिरी घुसपैठ भएको प्रमाण नभेटिएको जनाउँदै समितिले गोली चलाउने सुरक्षाकर्मीमाथि आवश्यक कारबाही गर्न सिफारिससमेत गरेको छ ।

गृह मन्त्रालयले गठन गरेका दुवै छानबिन समितिले मंगलबार प्रतिवेदन बुझाएका हुन् । प्रतिवेदनअनुसार सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्जमा साउन १० गते भएको झडपमा नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट गरी २० राउन्ड गोली चलेको थियो । सुरक्षाकर्मीले चलाएको गोली लागेर स्थानीय ओमप्रकाश मेहताको घटनास्थलमै मृत्यु भएको तथा घाइते भएका जयप्रकाश मेहता र रवीन्द्र मेहताको उपचारका क्रममा मृत्यु भएको समितिको निष्कर्ष छ ।

त्यस्तै, साउन १४ गते सिरहाको गोलबजारमा भएको प्रदर्शनका क्रममा औरही गाउँपालिका-२ तुलसिपुरका १५ वर्षीय गणेश यादवको मृत्यु पनि सुरक्षाकर्मीले चलाएको गोलीबाटै भएको पुष्टि भएको छ । यसअघि घटनाका बेला नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीमध्ये कसैले पनि गोली चलाएको जिम्मेवारी स्वीकार नगरेपछि यादवलाई गोली कसले चलायो भन्ने विषय विवादित बनेको थियो ।


सहसचिव पुष्पराज शाही नेतृत्वको सिरहा छानबिन समितिले घटनास्थलको सीसीटीभी फुटेज, प्रत्यक्षदर्शीको बयान, स्थानीयले खिचेका भिडियो तथा फरेन्सिक र ब्यालेस्टिक परीक्षणका आधारमा यादवलाई सुरक्षाकर्मीले चलाएको पेस्तोलको गोली लागेको निष्कर्ष निकालेको हो ।

समितिका अनुसार गोलबजार घटनास्थलमा जम्मा नौ राउन्ड गोली चलेको पाइएको छ । तीमध्ये सात राउन्ड डमी र दुई राउन्ड पेस्तोलबाट चलेको प्रतिवेदनमा उल्लेख छ । पेस्तोलबाट चलेको एउटा गोली लागेर यादवको मृत्यु भएको तथा अर्को गोलीबाट एक व्यक्ति घाइते भएको समितिको निष्कर्ष छ ।

घटनाका क्रममा एक प्रहरी जवानलाई समेत गोली लागेको दाबी गरिएको थियो । तर, समितिले गरेको चिकित्सकीय परीक्षण तथा उपलब्ध प्रमाणका आधारमा ती जवानलाई गोली लागेको पुष्टि नभएको जनाएको छ । समितिका एक सदस्यका अनुसार उनलाई छर्रा लागेको हुन सक्ने भए

बाँकी पृष्ठ ३ ▸▸

## सिरहामा मध्यराति लुटपाटको प्रयास, घटनाकै बेला विद्युत् काटिएपछि गम्भीर आशंका



**अपन दैनिक संवाददाता**
**वीरगञ्ज, भदौ ०२ गते**

सिरहा-चोहर्वा सडकखण्डअन्तर्गत भलुवाही र पदमपुरबीच मुख्य सडकमा रहेको विन्देश्वर साहको घरमा सोमबार राति मोटरसाइकलमा आएका व्यक्तिहरूले लुटपाट तथा ज्यान जोखिममा पार्ने किसिमको गतिविधि गरेको भन्दै घटनाको तत्काल छानबिन र संलग्न व्यक्तिमाथि कडा कारबाहीको माग गरिएको छ ।

राति करिब १ बजे मोटरसाइकलमा आएका व्यक्तिहरूले साहको घरमा प्रवेश गर्ने प्रयास गरेको र घटनाबाट ठूलो आपराधिक घटना हुनबाट जोगिएको स्थानीय शम्भु साहले बताएका छन् । घटनाले स्थानीय बासिन्दामा त्रास सिर्जना गरेको भन्दै उनले घटनालाई सामान्य रूपमा नलिई प्रहरी प्रशासनले तत्काल गम्भीर अनुसन्धान गर्नुपर्ने माग गरेका छन् ।

घटनाको अर्को गम्भीर पक्षका रूपमा सोही समयमा विद्युत् सेवा अवरुद्ध भएको विषय पनि उठाइएको छ । रातिको घटनाकै समयमा विद्युत् काटिनु र बिहानसम्म विद्युत् सेवा सञ्चालनमा नआउनुको

बाँकी पृष्ठ २ ▸▸

## 'फुल अडिट'को केस घुस खुवाएर मिलाईदिने भन्दै दलाली गर्ने चार्टर्ड एकाउन्टेन्ट र कर अधिकृतविरुद्ध भ्रष्टाचार मुद्दा !

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ०२ गते**



सेवाग्राहीको 'फुल अडिट'का क्रममा भएको कर निर्धारण केहि घुस दिएर कम गरिदिने भन्दै घुसको बार्गेनिङ गर्ने आरोपमा कर अधिकृत एसएस पालसँगै चार्टर्ड एकाउन्टेन्ट रिभन यादव पनि भ्रष्टाचार मुद्दामा तानिएका छन् । आन्तरिक राजस्व कार्यालय लहान, सिरहाका कर अधिकृत पालसँग मिलेर घुस रकमको लेनदेनमा बिचौलियाको भूमिका खेलेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यादवविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

अख्तियारका अनुसार आर्थिक वर्ष २०७८/७९ को पूर्ण कर लेखापरीक्षण (फुल अडिट) पछि भएको कर निर्धारणसम्बन्धी काम फछ्र्यौट गरिदिने भन्दै कर अधिकृत पालले सेवाग्राहीसँग घुस मागेका थिए । सेवाग्राहीले पेस गरेका बिल-बिजक नमिलेको भन्दै करसम्बन्धी काम रोकिएपछि घुस रकमको बार्गेनिङमा यादव संलग्न भएको अनुसन्धानबाट खुलेको आयोगको दाबी छ ।

कर अधिकृत र सेवाग्राहीबीचको घुसको 'डिल' मिलाउने भूमिकामा चार्टर्ड एकाउन्टेन्ट यादव प्रयोग भएको अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

अनुसन्धानका क्रममा पालले सेवाग्राहीबाट पाँच लाख रुपैयाँ घुस लिइरहेको अवस्थामा अख्तियारको बर्दिबास कार्यालयबाट खटिएको टोलीले साउन ७ गते उनलाई रंगेहात नियन्त्रणमा लिएको थियो । पालले घुस रकम कार्यालयमै ल्याउन भनेपछि पाँच लाख रुपैयाँ बुझ्ने क्रममा उनलाई पक्राउ गरिएको अख्तियारले जनाएको छ ।

अख्तियारले पालले आफ्नो पद तथा जिम्मेवारीको दुरुपयोग गरी सेवाग्राहीसँग गैरकानुनी रूपमा

बाँकी पृष्ठ २ ▸▸

## आर्थिक अनुशासनमा कडाइ गर्दै मधेश प्रदेश सरकार




**जनकपुरधाम, भदौ ०२ गते ।** मधेश प्रदेश सरकारले प्रदेशको वित्तीय सुशासन, पारदर्शिता र मितव्ययिता कायम गर्न सरकारी खर्चमा थप कडाइ गर्ने जनाएको छ । प्रदेश सरकारको अर्थ मन्त्रालयले मातहतका निकायलाई परिपत्र गरी सरकारी कोषको दुरुपयोग रोक्न तथा बजेटलाई नतिजामुखी बनाउन खर्च मापदण्ड कार्यान्वयनलाई प्रभावकारी बनाउन निर्देशन दिएको हो ।

प्रदेशका अर्थमन्त्री युवराज भट्टराईका अनुसार प्रदेशको बजेटलाई नतिजामुखी बनाउँदै फजुल खर्च पूर्ण रूपमा रोक्न सरकारले आर्थिक अनुशासनमा कडाइ गरेको हो । प्रदेशको आन्तरिक आय तथा स्रोतको अवस्था विश्लेषण गर्दै खर्च व्यवस्थापनलाई थप व्यवस्थित बनाउन रणनीतिक सुधार कार्यान्वयनमा ल्याइएको जनाउँदै उनले सोहीअनुसार सम्बन्धित निकायलाई परिपत्र गरिएको बताए ।

परिपत्र अनुसार मन्त्री तथा विशिष्ट पदाधिकारीले प्रयोग गरेका सरकारी सामान आप्नो कार्यकाल सकिएपछि आफैँ लैजान पाउने पुरानो अभ्यास अन्त्य गरिएको छ । अब जिन्सी सामान प्रयोग गर्ने पदाधिकारीले अनिवार्य रूपमा सामान बुझाएको भरपाइ वा रसिद लिनुपर्ने र पदावधि समाप्त भएपछि वा सरुवा भएमा सम्बन्धित सामान अनिवार्य रूपमा स्टोर शाखामा बुझाउनुपर्ने व्यवस्था गरिएको मन्त्री भट्टराईले बताए ।

सरकारले कर्मचारी तथा पदाधिकारीको अनावश्यक भ्रमण नियन्त्रण गर्न पनि कडा व्यवस्था गरेको छ । प्रदेशभित्रको भ्रमणमा एकपटकमा बढीमा चार दिन र महिनाभरिमा अधिकतम १२ दिनभन्दा बढीको भ्रमण भत्ता नदिने व्यवस्था गरिएको मन्त्री भट्टराईले बताए । उनका अनुसार मन्त्रीका स्वकीय सचिवालयका कर्मचारीहरू मन्त्रीसँग भ्रमणमा जाँदा उहाँहरुको भ्रमण अवधिसम्मका लागि मात्र भत्ता पाउने स्पष्ट व्यवस्था गरिएको छ ।

सवारीसाधनको जथाभावी प्रयोगलाई निरुत्साहित गर्न पनि निर्देशिकाले महत्त्वपूर्ण सुधार गरेको छ । यसअघि

बाँकी पृष्ठ ४ ▸▸




## मधेशको अधिवेशन नसकि बालेन पक्षले मनोनीत हुनेको नाम नपठाउने संकेत

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ०२ गते**



रास्वपा केन्द्रीय समिति बैठक यही भदौ ५ गते बस्दैछ ।

बैठकमा केन्द्रीय समिति सदस्य, पदाधिकारी, सचिवालय सदस्य, विभागीय प्रमुख र स्थानीय निर्वाचनका लागि केन्द्रीय उम्मेदवार छनोट समिति सदस्य मनोनयन गर्ने लगायतका कार्यसूची छन् ।

चितवनमा भएको महाधिवेशनपछि मनोनीत गर्नुपर्ने काम भएको छैन । यसैबीच पार्टीले मनोनीत गर्ने एजेन्डा राखेपनि प्रधानमन्त्री समेत रहेका वरिष्ठ नेता बालेन शाह पक्षले भने मनोनीत हुनेको नाम नपठाउने संकेत देखिएको छ ।

बालेन पक्षीय एक नेताको दाबी अनुसार रिक्त पदाधिकारी र केन्द्रीय सदस्यमा आफ्ना पक्षबाट नाम नपठाउने छलफल भएको छ । मधेशको अधिवेशन पछि मात्रै बालेन पक्षबाट मनोनीत हुनेको नाम सभापतिलाई उपलब्ध गराइने ती नेताको भनाइ छ ।

मधेशको प्रदेश संरचना सहित सबै आठ जिल्लामा अधिवेशन हुन सक्केको छैन । मधेशको अधिवेशन स्थगित गरेर केन्द्रीय महाधिवेशन गरिएको थियो ।

बाँकी पृष्ठ ३ ▸▸

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

# सम्पादकीय...

## सिरहामा तस्करी रोक्ने जिम्मेवारी सुरक्षाकर्मीकै

भारतसँगको खुला सीमा नेपालका लागि सामाजिक, आर्थिक र सांस्कृतिक सम्बन्ध विस्तार गर्ने महत्वपूर्ण आधार हो । सीमापार आवतजावत र व्यापारले सीमावर्ती नागरिकको दैनिकी सहज बनाएको छ । तर यही खुला सीमाको दुरुपयोग गर्दै हुने अवैध तस्करी भने राज्यका लागि गम्भीर चुनौती बन्दै गएको छ । सिरहा जिल्लाका विभिन्न नाकाबाट भारतबाट नेपालतर्फ र नेपालबाट भारततर्फ हुने तस्करीले यसको गम्भीरता झल्काउँछ। सिरहाका सीमावर्ती नाकाबाट लत्ताकपडा, मोटरका स्पेयर पार्टस्, इलेक्ट्रोनिक्स सामग्री, खाद्यान्न, कृषि उपजलगायत विभिन्न वस्तुको अवैध ओसारपसार हुने गरेको छ । भारतबाट नेपालतर्फ मात्र होइन, नेपालबाट भारततर्फ गाँजा, फर्सीको बीउ, मदिरा लगायतका विभिन्न सामग्री अवैध रूपमा लैजाने गर्छ। यसले राज्यको राजस्वमा क्षति पुऱ्याउनुका साथै वैध व्यवसाय गर्ने व्यापारीलाई समेत प्रत्यक्ष असर पारिरहेको छ । तस्करीको चर्चा हुँदा सबैभन्दा गम्भीर प्रश्न सुरक्षाकर्मीको भूमिकामाथि उठ्ने गर्छ। सीमामा खटिएका सुरक्षाकर्मीको आँखा छल्न त्यति सहज रूपमा ठूलो परिमाणमा सामान ओसारपसार हुन नसक्ने स्वाभाविक अनुमान गर्न सकिन्छ। त्यसैले स्थानीय तहदेखि जिल्ला तहसम्मका सुरक्षा संयन्त्रको भूमिका र जवाफदेहितामाथि प्रश्न उठ्नु अस्वाभाविक होइन।

कहिलेकाहीँ सुरक्षाकर्मीले लाखौं रुपैयाँ मूल्य बराबरका तस्करीका सामान बरामद गर्छन्। बरामद गर्नु आफैंमा सकारात्मक कदम हो। तर नियमित रूपमा हुने भनिएको तस्करीको तुलनामा यस्ता बरामदी अत्यन्तै सीमित देखिए भने स्वाभाविक रूपमा प्रश्न उठ्छ-के तस्करी वास्तवमै रोक्न खोजिएको हो ?, कि केही घटनामा मात्र कारबाही गरेर उपलब्धि देखाउन खोजिएको हो ? अझ कतिपय अवस्थामा 'सेटिङ नमिलेपछि मात्र सामान समातिएको' वा 'भाउ बढाउन बरामदी गरिएको' जस्ता आरोपसमेत सुनिन्छन्। यस्ता आरोप सत्य हुन् भने त्यो केवल एउटा व्यक्तिको कमजोरी होइन, सुरक्षा संयन्त्रमाथिकै गम्भीर प्रश्न हो। तर आरोप मात्रका आधारमा सम्पूर्ण सुरक्षाकर्मीलाई दोषी ठहर गर्नु पनि उचित हुँदैन। वास्तविकता पत्ता लगाउन निष्पक्ष अनुसन्धान, नियमित अनुगमन र प्रमाणमा आधारित कारबाही आवश्यक छ। तस्करीमा सुरक्षाकर्मी, व्यापारी वा अन्य कुनै पक्षको संलग्नता पुष्टि भएमा कानुनअनुसार कठोर कारबाही हुनुपर्छ। दोषीलाई संरक्षण गर्ने वा घटनालाई राजनीतिक तथा प्रशासनिक प्रभावमा कमजोर बनाउने प्रवृत्तिले समस्या झन् गम्भीर बनाउँछ। सीमा सुरक्षाको मुख्य दायित्व सुरक्षाकर्मीकै हो। खुला सीमा भएकै कारण तस्करी रोक्न सकिँदैन भन्ने तर्क स्वीकार्य हुन सक्दैन। प्रविधिको प्रयोग, जोखिमयुक्त नाकाको पहिचान, नियमित गस्ती, संयुक्त अनुगमन, सूचना संयन्त्रको प्रभावकारी परिचालन तथा शंकास्पद गतिविधिमाथि निगरानी बढाएर तस्करी नियन्त्रण गर्न सकिन्छ। अझ महत्वपूर्ण कुरा, तस्करी नियन्त्रणमा खटिने सुरक्षाकर्मीमाथि पनि प्रभावकारी निगरानी र उत्तरदायित्वको व्यवस्था हुनुपर्छ।

सिरहामा तस्करी नियन्त्रणलाई सामान बरामद गर्ने अभियानका रूपमा मात्र बुझिनु हुँदैन । बरामद गरिएको सामान कहाँबाट आयो, कसरी सीमा पार भयो, त्यसमा को-को संलग्न थिए र त्यसको संरक्षण वा सहजीकरण कसले गऱ्यो भन्ने विषयसम्म अनुसन्धान पुग्नुपर्छ। साना भरियालाई मात्र पक्राउ गरेर तस्करीको जालो समाप्त हुँदैन । यसको पछाडि रहेका संगठित कारोबारी र सम्भावित संरक्षणकर्तासम्म राज्यको अनुसन्धान पुग्न आवश्यक छ । खुला सीमा नेपाल-भारत सम्बन्धको विशेषता हो, कमजोरी होइन । यसको सदुपयोग गर्ने वातावरण निर्माण गर्नु दुवै देशको हितमा छ। तर खुला सीमाको नाममा अवैध कारोबारलाई छुट दिन सकिँदैन । सिरहामा तस्करी नियन्त्रण गर्न सुरक्षाकर्मीले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्नैपर्छ। सुरक्षा संयन्त्र नै निष्पक्ष, पारदर्शी र जवाफदेही भयो भने 'सेटिङ' को चर्चा आफैं कमजोर हुनेछ। अन्ततः तस्करी रोक्ने जिम्मेवारी व्यापारी, नागरिक वा भरियाको मात्र होइन-सीमामा राज्यको उपस्थितिको प्रतिनिधित्व गर्ने सुरक्षाकर्मीकै प्रमुख दायित्व हो । त्यसैले सिरहाका सबै नाकामा 'तस्करीसँग शून्य सहनशीलता' को नीति व्यवहारमै लागू गर्नुपर्छ। सुरक्षा निकायको सक्रियता, प्रशासनको दृढता र राजनीतिक नेतृत्वको निष्पक्ष इच्छाशक्ति एकै ठाउँमा उभिए मात्रै सिरहाको सीमा तस्करीमुक्त बनाउन सकिन्छ।

# देउवाको 'हिन्दु कार्ड' भारतीय राजनीतिमा राहुल गान्धीको 'जनै प्रदर्शन' जस्तै हो

**गगनको रिसले कांग्रेसीहरू राजेन्द्र लिङ्देन र दुर्गा प्रसाईंको पुच्छर बन्न राजी हुन्छन् भने त्यो तिनकै दूर्भाग्य हो, अरुलाई 'छु मतलब'।**



डम्बर खतिवडा

देउवाले हिन्दु कार्ड खेलेर छिमेकी देश भारतीय संस्थापनपक्षको सहानुभूति हासिल गर्दै शक्ति संचयमा हाबी हुन खोजेको हो भने त्यो अर्को असंगति र दुर्भाग्य हुन सक्दछ ।



नेपाली कांग्रेस असन्तुष्टपक्षको राष्ट्रिय भेलामा पूर्वप्रधानमन्त्री तथा समूहघोषित पार्टी सभापति शेरबहादुर देउवाले स्वर सकेसम्म चर्को पार्न खोज्दै भने- 'म हिन्दु हुँ, म हिन्दु हुँ, म हिन्दु हुँ। मेरो ब्रतबन्ध, बिहे हिन्दु विधिअनुसार भएको हो। मलाई हिन्दु होइन भन्न पाइँदैन ।'

झट्ट सुन्दा अनौठो लाग्ने यो अभिव्यक्तिको पछाडि अवश्य राजनीतिक रहस्य छ। तर, तासको महलजस्तो कमजोर र टिठ लाग्दो। अनौठो यस अर्थमा कि एक हिन्दुले 'म हिन्दु हुँ' भनेर दाबी किन गरिरहनुपर्ने ? त्यो त स्वयंसिद्ध तथ्यजस्तै हो । आजसम्म सायद देशको इतिहासमा कसैले राजनीतिक मञ्चबाट यस्तो धार्मिक घोषणा गरेको थिएन⁄ छैन । देउवाले यसो भन्नुपर्ने स्थिति कहाँबाट किन आयो ? उनलाई कसले हिन्दु होइन भन्यो ? 'देउवाजी हिन्दु होइनन्' भनेर कसैको सार्वजनिक अभिव्यक्ति सुनिएको छैन।

भेलाको समापनतिर यही विषयलाई लिएर नेताहरूबीच खटपट भएको दृष्य देखियो। डा. प्रकाशशरण महतले 'नरम हिन्दुत्व' र शंकर भण्डारीले 'गरम हिन्दुत्व' को वकालत गर्न थालेपछि अर्का नेता विमलेन्द्र निधिले त्यसको प्रतिवाद गरे । निधिले 'धर्मनिरपेक्ष' संविधान र 'धार्मिक स्वतन्त्रता' अवधारणाको स्मरण गराए। शंकर भण्डारीहरूले त 'हिन्दु-राज्य' मात्र होइन सँगसँगै 'राजतन्त्र पुनर्स्थापना' को प्रस्तावसमेत भेलाबाट पारित गरेर अघि बढ्न पर्ने माग गरे।

भनिन्छ- यही कारणले देउवा खेमाभित्रको वैचारिक मतभेद तीव्र भएको छ । सभापति गगनकुमार थापाविरुद्ध मोर्चाबन्दी कसेका असन्तुष्ट कांग्रेसीहरूको वैचारिकी भने बाह्नतिर फर्किएको छ । देउवा समूहको यो हालत हेर्दा गगन थापापक्ष कता हो कता प्रगतिशील, प्रस्ट र सुविधाजनक अवस्थामा देखिन्छ।

देउवानिकट नेता मीन विश्वकर्माका अनुसार -'मन मिल्नेसँग कुरा मिलेन, कुरा मिल्नेसँग मन मिलेन, दुवै मिल्नेसँग विचार मिलेन।' यसरी 'यो नभए त्यो नमिल्ने' हरूको भेला त भयो, त्यसको वैधता, प्रासंगिकता र प्रमाणिकता भने शून्य रह्यो। भेलामा 'हिन्दु, बौद्ध, किरात र प्राकृत धर्मको संरक्षण गर्ने दायित्वलाई दृष्टिगत गरी सनातन धर्मलाई राष्ट्रको पहिचानका रूपमा अघि बढाउने' प्रस्ताव पारित गरेको दाबी त गरियो तर, यसबाट कृष्णप्रसाद सिटौला, प्रकाशमान सिंहलगायत अन्य थुप्रै नेताहरू असन्तुष्ट छन्।

कुरा प्रस्टै छ कि देउवापक्षले 'नरम हिन्दुत्व' को कार्ड खेल्न खोजेको छ। पार्टीभित्र र बाहिर गुम्दै गएको वर्चस्व हासिल गर्न धर्मलाई शक्ति संचयको गोटी बनाउन चाहेको छ। यो रणनीतिले देउवापक्षलाई कति फाइदा वा थप बेफाइदा होला समयले नै बताउला । तर, उनले अनावश्यक रूपमा 'राजतन्त्रवादी' को मनोबल बढाउने काम गरेका छन्। असन्तुष्ट कांग्रेस विस्तारै गणतन्त्रको विरुद्धमा उभिदै छ वा उभिनेछ भनेर भ्रम सिर्जना गर्नेहरूलाई मौका दिइएको छ।

त्यसो त नेपाली कांग्रेसको आधिकारिकता पुनरावलोकन गर्ने सर्वोच्च अदालतको साउन २१ गतेको निर्णयपछाडि 'षड्यन्त्र' र 'सेटिङ' को आशंका गर्नेहरू कम छैनन् । भखरै शंकर भण्डारी, लोकेश ढकाल, लक्ष्मण घिमिरे, दीपकुमार उपाध्यायहरूले 'हिन्दु राज्य र राजतन्त्र पुनर्स्थापना' अभियान नै घोषण गरेका छन् । डा. शशांक कोइराला, डा. शेखर कोइराला जस्ता नेताहरू यी सवालप्रति पहिलेदेखि नै रुझान् राख्छन् भन्ने दुनियाँलाई राम्रोसँग थाहा छ।

यसरी विस्तारै नेपाली कांग्रेसलाई पश्चगामी धारतिर फर्काउने प्रयास भइरहेको प्रस्ट हुन्छ । देउवा समूह राजनीतिक स्वार्थका लागि विगतका आफ्नै निर्णय, मान्यता र प्रतिबद्धता विपरीत जान खोज्दै छ।

कतिपय यो ठान्छन् हिन्दु राजनीति राजतन्त्र पुनर्स्थापनाको बलियो हतियार हुन सक्दछ। हिन्दु सभ्यतासँग राजतन्त्र 'चेन भ्यालु' का रूपमा स्वस्फूर्त जोडिएर आउँनेछ। तर, स्वयं हिन्दु 'मिथोलजी' ले यो तर्क पुष्टि गर्दैन । हिन्दुका त्रिदेव शिव, विष्णु र ब्रह्माजी कुनै राज्यका राजा थिएनन् । शिवको कैलास, विष्णुको बैकुण्ठ, ब्रह्माजीको ब्रह्मलोक उनीहरूका वासस्थान थिए, राज्य होइन।

भगवानका १० अवतार मानिएका मत्स्य, कुर्म, बराह, नरसिंह, बामन, परशुराम, राम, कृष्ण, बुद्ध र कल्कीमध्ये एक 'राम' मात्र राजा थिए । बुद्ध राजकुमार थिए तर राजगद्दी त्याग गरेर सन्त वा दार्शनिक भए। मत्स्य राजा थिएनन्। कुर्म राजा थिएनन्। बराह राजा थिएनन्। नरसिंह राजा थिएनन् । बामन राजा थिएनन् । परशुराम राजा थिएनन्।

अझ रोचक कुरा कृष्ण त स्वयं दुष्ट राजाहरूको वध गर्थे । तर, आफू राजा हुँदैनथे। कंश राजा थियो, शिशुपाल राजा थियो, त्यस्ता थुप्रै राजाहरू कृष्णले मारे । जरासन्ध, जयद्रथ आदि थुप्रै राजा मराए, तर राज्य आफूले लिएनन्। राजा भएनन् । देउवाले 'म हिन्दु हुँ' घोषणा गर्दा खुसीले उचालिएका राजावदीहरूले यो यथार्थ कति बुझेका होलान् ?

नेपाल 'संघीय लोकतान्त्रिक गणतन्त्र' भएको दुई दशक पुग्न लाग्यो । कसैले चाहँदैमा यो प्रक्रिया सजिलै उल्टिनेवाला छैन। देउवापक्षले अघि सार्न खोजेको दृष्टिकोण कुनै नयाँ राजजीतिक लाइन पनि होइन। राजावादी शक्ति र समूहले उठाउँदै आएका हुन् । यसका लागि राप्रपा, धवल शमशेर र दुर्गा प्रसाईंजस्ता समूह छँदै थिए। कांग्रेसको देउवापक्ष थपिँदैमा यो मुद्दा बलियो हुँदैन । गगनको रिसले कांग्रेसीहरू राजेन्द्र लिङ्देन र दुर्गा प्रसाईंको पुच्छर बन्न राजी हुन्छन् भने त्यो तिनकै दूर्भाग्य हो, अरुलाई 'छु मतलब'।

नेपाली कांग्रेस २०७२ को संविधान आफ्नो नेतृत्वमा बनेको दाबी गर्दै आएको दल हो । जनान्दोलन २०६२/२०६३, बृहत्त शान्ति प्रक्रिया, मधेश आन्दोलनको बैठान, संविधानसभाको निर्वाचन, राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना, संघीयता, समावेशिता र सामाजिक न्यायको अवधारणालाई राजकीय मान्यता, धर्मनिरपेक्षता आदि सबै मूलभूत विषय र प्रक्रियाको नेतृत्व कांग्रेस नेता गिरिजा प्रसाद कोइरालाले गरेका थिए । संविधान जारी हुँदा कांग्रेसकै सुशील कोइराला प्रधानमन्त्री थिए।

आज आएर नेपाली कांग्रेसको देउवामा धार किन र के कारणले अलमलिएको हो ? के उनीहरू यी सबै प्रक्रियाबाट फिर्ता हुन खोजेका

बाँकी पृष्ठ ४ ▶▶

## सिरहामा मध्यराति लुटपाटको प्रयास ............

कारणबारे समेत सम्बन्धित निकायले छानबिन गर्नुपर्ने स्थानीयको माग छ। विद्युत् अवरोध र घटनाबीच कुनै सम्बन्ध थियो वा थिएन भन्ने विषय अनुसन्धानबाट स्पष्ट हुनुपर्ने उनीहरूको भनाइ छ।

स्थानीयले घटनामा संलग्न व्यक्तिहरूको तत्काल पहिचान गर्न, घटनास्थल तथा आसपासका सम्भावित सीसीटीभी फुटेज संकलन गर्न र प्रत्यक्षदर्शी तथा अन्य प्रमाणका आधारमा अनुसन्धान अघि बढाउन जिल्ला प्रहरी कार्यालय सिरहासँग माग गरेका छन्।

मध्यरातमा मुख्य सडककै आसपास आपराधिक गतिविधि हुन खोज्नुले स्थानीयको सुरक्षा व्यवस्थामाथि समेत प्रश्न उठाएको छ।

यस्ता घटना दोहोरिन नदिन प्रहरीले संवेदनशील क्षेत्रमा रात्रिकालीन गस्ती, निगरानी र सुरक्षा उपस्थिति थप प्रभावकारी बनाउनुपर्ने स्थानीयको माग छ।

स्थानीयले घटनामा संलग्न जोसुकै भए पनि तत्काल कानुनी दायरामा ल्याई निष्पक्ष अनुसन्धानमार्फत सत्यतथ्य सार्वजनिक गर्न प्रहरी प्रशासनसँग आग्रह गरेका छन्।

## 'फुल अडिट'को केस घुस खुवाएर ............

घुस मागेको तथा रकम लिएको आरोप लगाएको छ। त्यस्तै, घुस रकमको लेनदेनमा बिचौलियाको भूमिका निर्वाह गरेको आरोपमा चार्टर्ड एकाउन्टेन्ट यादवलाई पनि प्रतिवादी कायम गरिएको छ।

आयोगले भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम दायर गरेको आरोपपत्रमा दुवै प्रतिवादीलाई कानुनबमोजिम सजाय तथा बिगो असुलउपरको मागदाबी गरेको जनाएको छ।

## आजको राशिफल

**मेष :** आज व्यापार-व्यवसायमा नयाँ अवसर प्राप्त हुनेछन्। व्यावसायिक साझेदारीबाट राम्रो लाभ मिल्नेछ।

**बृष :** प्रतिस्पर्धा र कार्यक्षेत्रमा तपाईंको प्रभाव बढ्नेछ। शत्रु तथा विरोधीहरू निष्प्रभावी हुनेछन्।

**मिथुन :** बौद्धिक तथा सिर्जनात्मक कार्यमा ठूलो सफलता मिल्नेछ। अध्ययन-अध्यापनमा लाग्नेहरूका लागि दिन उत्कृष्ट छ।

**कर्कट :** सवारी साधन तथा भौतिक साधनको प्रयोग गर्दा सावधानी अपनाउनुहोला।

**सिंह :** पराक्रम, उत्साह र साहस वृद्धि हुनेछ। दाजुभाइ तथा हितैषी साथीभाइको पूर्ण सहयोग प्राप्त हुनेछ।

**कन्या :** आर्थिक दृष्टिकोणले दिन लाभदायक रहनेछ। रोकिएको धन फिर्ता आउने वा नयाँ आम्दानीको स्रोत फेला पर्ने योग छ।

**तुला :** मनमा ऊर्जा, उत्साह र नयाँ विचारहरूको सञ्चार हुनेछ। व्यक्तित्व निखरिएर आउनेछ।

**वृश्चिक :** खर्चमा केही वृद्धि हुन सक्छ। वैदेशिक कार्य, भिसा वा दूरदराजका कामहरूमा सफलता मिल्नेछ।

**धनु :** आम्दानीका नयाँ मार्गहरू खुल्नेछन्। सोचेका कामहरू समयमै सम्पन्न भई सोचेभन्दा राम्रो प्रतिफल मिल्नेछ।

**मकर :** कार्य क्षेत्र र करियरमा ठूलो सफलता मिल्ने योग छ। सामाजिक प्रतिष्ठा र मान-सम्मानमा वृद्धि हुनेछ।

**कुम्भ :** भाग्यले पूर्ण साथ दिनेछ। धार्मिक, आध्यात्मिक तथा परोपकारी कार्यमा रुचि बढ्नेछ।

**मीन :** स्वास्थ्यका विषयमा केही सचेत रहनुहोला। विशेष गरी खानपान र यात्रा गर्दा सावधानी अपनाउनु उत्तम हुनेछ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**

जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# थोक बिक्रीस्थल तोकिदिन आँप व्यवसायीको माग

अपन दैनिक संवाददाता
सिरहा, भदौ ०२ गते

उत्पादन परिमाण र क्षेत्रफलको हिसाबले सबैभन्दा बढी आँप उत्पादन हुने सिरहामा आँप व्यवसायीहरूले आँप फल्ने मौसममा जिल्लाका विभिन्न स्थानीय तहलाई पायक पर्ने गरी थोक बिक्रीस्थल तोकिदिन माग गरेका छन्।

जिल्लाका विभिन्न भागमा छरिएर रहेका आँप व्यवसायीको संगठन आँप व्यवसाय संघको गोलबजारमा सम्पन्न बृहत् भेलाले आँपको बिक्रीका लागि व्यवस्थित थोकस्थल तयार गरिदिन प्रदेश र संघीय सरकारलाई गुहारेका हुन्। व्यापारीहरूले किसानको बगैँचाबाट आँप टिपेर सोझै तोकिएको बिक्रीस्थलसम्म ल्याउँदा आँपको ढुवानीमा लाग्ने रकम घट्नेसँगै फुट्ने जोखिम कम हुने र त्यसले व्यापारी तथा किसान दुवैलाई फाइदा हुने संघका अध्यक्ष जगदीश यादवले बताए।

'बिक्रीस्थलसम्म ल्याउँदा जति न्यून क्षति भयो, त्यति फाइदा हुन्छ,' उनले भने, 'व्यापारीले कबोल गरेको ठेक्का रकमअनुसार बिक्री गर्न सकियो भने किसानले पनि वेलैमा भुक्तानी पाउने भएकाले दुवै पक्षलाई फाइदा हुन्छ।' संघका महासचिव विजयकुमार रामका अनुसार आँपको खुद्रा व्यापारले स्थानीय हाटबजार अव्यवस्थित हुनुका साथै नोक्सानीको जोखिम पनि बढी हुने भएकाले थोक बिक्री केन्द्रको माग गरिएको हो। त्यसका लागि स्थानीय सरकारसँगै प्रदेश र संघीय सरकार जिम्मेबार बन्नुपर्ने उनले बताए।



**'बगैँचा खनजोतमा साझेदारी'**

पछिल्लो आँपको सिजनदेखि डिजेलमा भएको मूल्यवृद्धिको कारणले बगैँचा ठेक्का लिएका व्यवसायीको स्वयं लगानीमा गर्दै आएको खनजोत आउने मौसममा आर्थिक रूपले नसक्ने अवस्थामा पुगेको उनीहरूको गुनासो छ। बगैँचा लगाएका सम्बन्धित किसानले नै खनजोत गर्नुपर्ने, त्यति गर्न नसक्ने हो भने पनि ट्याक्टर लगाएर जोत्दा कम्तीमा ५० प्रतिशत लागत साझेदारी गर्नुपर्ने आफूहरूको अडान रहेको कोषाध्यक्ष सन्तोष पूर्वेले बताए।

प्रायः हरेक वर्ष माघ महिनादेखि आँप फुल्न थालेदेखि नै व्यापारीहरूले सम्बन्धित किसानसँग लिखित, मौखिक करार सम्झौता गरी सिंगो बगैँचा नै ठेक्का लिएर खनजोत, सिँचाइ, हेरचाहलगायतका काम गर्दै आएको उनले बताए। 'इन्धनमा भएको चर्को मूल्यवृद्धिले विगतमा जोताइमा पाँच हजार लाग्ने बगैँचामा दोब्बर बढी १० हजारसम्म लाग्छ,' उनले भने, 'आँप टिपेपछि अन्यत्र निकासी गर्दा ढुवानी खर्च पनि बढेकाले व्यापारीहरू पनि आर्थिक समस्यामा परेका छन्।'

**१० हजार हेक्टरमा आँपखेती**

कृषि ज्ञान केन्द्र सिरहाका अनुसार विशेषगरी पूर्व-पश्चिम लोकमार्गदेखि उत्तर कर्जन्हा, मिर्चैया, गोलबजार, धनगढीमाई र लहान क्षेत्रमा गरी १० हजार ५० हेक्टर जग्गामा आँप बगैँचा रहेको छ। 'त्यसमध्ये नौ हजार ५० हेक्टर क्षेत्रफलमा आँप उत्पदान भइरहेको छ,' केन्द्रका सूचना अधिकारी सुदीप खनालले भने।

उनका अनुसार पछिल्लो आर्थिक वर्ष ०८२/८३ मा जिल्लामा ७२ हजार चार सय मेट्रिक टन आँप उत्पादन भएको थियो। उनका अनुसार सिरहामा उत्पादन गरिएको आँप संघीय राजधानी काठमाडौँसहित मुलुकका विभिन्न मुख्य सहरहरूमा बिक्रीका लागि पठाउने गरिन्छ।

वर्षको एकपल्ट मिहिनेत गर्दा राम्रो आम्दानी हुने भएकाले मधेश प्रदेश सरकारले आर्थिक वर्ष ०८३/८४ मा आँपखेतीको प्रवर्द्धन र विस्तारका लागि आँपको नयाँ बगैँचा स्थापना, पुरानो बगैँचा व्यवस्थापन र स्तरोन्नति, आँपको नर्सरी स्थापना र पूर्व-पश्चिम लोकमार्ग क्षेत्र हुँदै ओहोरदोहोर गर्नेहरूलाई लक्षित गरी भौतिक

बाँकी पृष्ठ ४ ▸▸

## मधेशको अधिवेशन नसकि बालेन .............

पार्टी विधान अनुसार पदाधिकारीमा एक उपसभापति, एक महामन्त्री, दुई सह महामन्त्रीमा, एक कोषाध्यक्ष, एक सहकोषाध्यक्ष, एक प्रवक्ता, तीन सहप्रवक्ता सहित ५१ केन्द्रीय सदस्य सभापतिले मनोनीत गर्ने व्यवस्था छ।

# मधेशमा ट्रान्सफर्मर चोरी बढ्दै, प्राधिकरण र प्रहरी हैरान

अपन दैनिक संवाददाता
जनकपुरधाम, भदौ ०२ गते

महोत्तरीको औरही नगरपालिका-१ मा सिंचाइका लागि जडान गरिएको १०० केभी क्षमताको ट्रान्सफर्मर २७ साउन राति चोरी भयो। यो ट्रान्सफर्मर एक वर्षअघि २८ असार २०८२ मा जडान गरिएको थियो।

ट्रान्सफर्मर चोरी भएपछि किसानलाई धानखेतमा सिंचाइ गर्न समस्या भएको छ। सिंचाइको भरपर्दो विकल्प नभएको अवस्थामा ट्रान्सफर्मर चोरीले खेतीपातीमा ठूलो समस्या भएको किसान विपिन यादवले गुनासो गरे।

'समयमा पानी पर्दैन। एक वर्षअघि ट्रान्सफर्मर जडान भएपछि केही राहत पुगेको थियो। त्यो पनि चोरी भयो। अब धानमा कसरी सिंचाइ गर्ने ?,' उनको दुःखेसो छ।





गत ३ साउन राति धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-९

बाँकी पृष्ठ ४ ▸▸

## सुनसरी-सिरहा घटनामा सुरक्षाकर्मीकै गोलीबाट चार जनाको .............

पनि गोली लागेको चिकित्सकीय रूपमा पुष्टि भएको छैन।

**गोली कसले चलायो भन्ने अन्योलपछि थपियो ब्यालेस्टिक विज्ञ**

सिरहामा भएको घटनामा सुरक्षाकर्मीले गोली चलाएको जिम्मेवारी प्रारम्भिक चरणमा कसैले नलिएपछि छानबिन समितिलाई घटनाको वास्तविकता पत्ता लगाउन थप प्राविधिक परीक्षण गर्नुपर्ने अवस्था आएको थियो।

त्यसपछि नेपाल प्रहरीको विधि विज्ञान प्रयोगशालामा कार्यरत अधिकारीलाई समितिमा थपेर ब्यालेस्टिक तथा फरेन्सिक परीक्षण अघि बढाइएको थियो। प्रहरी निरीक्षक दीपेश अवस्थी र प्रहरी उपरीक्षक मनोहरसिंह धामीलाई समेत सोसम्बन्धी जिम्मेवारी दिइएको थियो।

समितिमा नेपाल प्रहरीका एसपी मोहनकुमार थापा, सशस्त्र प्रहरीका एसपी नरेश भण्डारी, प्रहरीको केन्द्रीय विधि विज्ञान प्रयोगशालाका डीएसपी पवनकुमार ढुंगाना तथा गृह मन्त्रालयका उपसचिव कुलशेखर अर्याल सदस्य थिए।

छानबिनमा संलग्न अधिकारीहरूका अनुसार घटनास्थलको दृश्य सामग्री, प्रत्यक्षदर्शीको बयान र प्राविधिक परीक्षणलाई एकीकृत गर्दा बाहिरबाट गोली चलेको देखिएन। पोस्टमार्टममा संलग्न चिकित्सकहरूको राय तथा ब्यालेस्टिक परीक्षणले समेत पेस्तोलबाट चलेको गोलीका कारण यादवको मृत्यु भएको निष्कर्षलाई पुष्टि गरेको समितिको भनाइ छ।

**बाहिरी घुसपैठको प्रमाण भेटिएन**

सुनसरीको देवानगञ्जबाट सुरु भएको सामुदायिक तनाव अन्य जिल्लामा समेत फैलिँदै गएपछि घटनामा बाहिरी समूहको घुसपैठ भएको हुनसक्ने आशंका र विभिन्न प्रकारका सूचना सार्वजनिक भएका थिए। सुरक्षाकर्मीबाहेक अन्य व्यक्तिबाट गोली चलेको हुन सक्ने दाबीसमेत सार्वजनिक रूपमा उठेको थियो।

तर, दुवै समितिले घटनाको छानबिन गर्दा बाहिरी घुसपैठ भएको प्रमाण नभेटिएको निष्कर्ष निकालेका छन्। समितिका अनुसार सुनसरी र सिरहाका घटनामा सुरक्षाकर्मीले नै गोली चलाएको प्रमाणबाट पुष्टि भएको छ।

सुनसरीको कप्तानगञ्जमा साउन १० गते राति चर्को आवाजमा डिजे बजाएको विषयमा सुरु भएको विवाद दुई समुदायबीचको झडपमा परिणत भएको थियो। घरेलु हतियारसहित आक्रमण हुन थालेपछि प्रहरी बल प्रयोग गर्दै घटनास्थलमा पुगेको थियो। स्थिति नियन्त्रणमा लिन नेपाल प्रहरीसँगै सशस्त्र प्रहरीको टोलीसमेत परिचालन भएको र त्यसक्रममा गोली चलेको समितिको निष्कर्ष छ।

**गोली चलाउने सुरक्षाकर्मीमाथि कारबाही सिफारिस**

दुवै समितिले घटनामा गोली चलाउने सुरक्षाकर्मीलाई आवश्यक कारबाही गर्न सरकारसमक्ष सिफारिस गरेका छन्। यद्यपि प्रतिवेदनमा कारबाहीको ठ्याक्कै स्वरूप भने तोकिएको छैन।

समितिले गोली चलाउने सुरक्षाकर्मी मात्र नभई घटनाका बेला जिल्ला प्रहरी प्रमुख, फिल्ड कमान्डर तथा प्रमुख जिल्ला अधिकारीको भूमिकासमेत अध्ययन गरेको जनाएको छ। घटनाको प्रकृति, सुरक्षा व्यवस्थापन, कमान्ड र समन्वयको अवस्थालाई प्रतिवेदनमा समेटिएको बताइएको छ।

गृह मन्त्रालयका सहप्रवक्ता रमा आचार्यले समितिले प्रतिवेदन बुझाइसकेको र मन्त्रालयले अध्ययन गरेपछि आवश्यक कारबाही प्रक्रिया अघि बढाउने बताएकी छन्।

**भिड नियन्त्रणमा गैरघातक हतियार प्रयोग गर्न सुझाव**

दुवै छानबिन समितिले आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन सुरक्षा व्यवस्थापनमा सुधार गर्न सुझाव दिएका छन्।

भिड नियन्त्रणमा जाने सुरक्षाकर्मीलाई गैरघातक हतियार उपलब्ध गराउन, आवश्यकता अनुसार रबरका गोलीलगायतका साधन प्रयोग गर्न तथा घातक हतियारको प्रयोगलाई अन्तिम विकल्पका रूपमा मात्र सीमित गर्न समितिले सुझाव दिएको छ।

त्यस्तै, हतियार बोकेर भिड नियन्त्रणमा खटिने सुरक्षाकर्मीलाई "बडीवर्न क्यामेरा" अनिवार्य गर्नुपर्ने सुझाव दिइएको छ। भिड नियन्त्रणका क्रममा घटनाको भिडियो तथा फोटो अभिलेख राख्ने व्यवस्था गर्न पनि समितिले सुझाएको छ।

सुरक्षाकर्मीलाई भिड नियन्त्रण सम्बन्धी थप तालिम, आवश्यक स्रोतसाधन र उपकरण उपलब्ध गराउन तथा नेपाल प्रहरी र सशस्त्र प्रहरीको जिम्मेवारी स्पष्ट पार्नसमेत प्रतिवेदनमा सुझाव दिइएको छ। विधि विज्ञान प्रयोगशालालाई थप सुदृढ बनाउँदै यस्ता घटनाको प्राविधिक अनुसन्धानलाई प्रभावकारी बनाउनुपर्ने विषय पनि समेटिएको छ।

**गोली चलाउने निर्णयको अधिकार फिल्ड कमान्डरलाई**

समितिले सुरक्षा कारबाहीका क्रममा गोली चलाउने निर्णयसम्बन्धी जिम्मेवारीसमेत स्पष्ट गर्न सुझाव दिएको छ। स्थानीय प्रशासन ऐन, २०२८ ले शान्ति तथा सुरक्षा कायम हुन नसक्ने अन्तिम अवस्थामा मात्र सुरक्षाकर्मीले गोली चलाउन सक्ने व्यवस्था गरेको छ। गोली चलाउनुपर्ने अवस्था आए त्यसअघि भीडलाई स्पष्ट चेतावनी दिनुपर्ने प्रावधानसमेत छ।

तर, घटनास्थलमा निर्णय प्रक्रियामा देखिने अन्योल र कमान्ड तथा समन्वयको समस्यालाई ध्यानमा राख्दै गोली चलाउने निर्णयको अधिकार फिल्डमा नेतृत्व गरिरहेका कमान्डरलाई स्पष्ट रूपमा दिनुपर्ने सुझाव समितिले दिएको छ।

समितिका एक सदस्यका अनुसार प्रमुख जिल्ला अधिकारीलाई अधिकार भए पनि उनी प्रत्यक्ष रूपमा फिल्डमा नदेखिने अवस्थाले सुरक्षा निकायबीच तत्काल निर्णय र समन्वयमा कठिनाइ देखिएको थियो। त्यसैले फिल्ड कमान्डरलाई जिम्मेवार र जवाफदेही बनाउने गरी व्यवस्था गर्न सुझाव दिइएको हो।

सुनसरी र सिरहाका घटनामा भएको मानवीय क्षतिले भिड नियन्त्रण तथा सुरक्षा व्यवस्थापनमा रहेको कमजोरी मात्र उजागर गरेको छैन, सुरक्षाकर्मीबाट हुने बल प्रयोगको मापदण्ड, कमान्ड संरचना, प्राविधिक अनुसन्धान र जवाफदेहितामाथि पनि गम्भीर प्रश्न उठाएको छ। छानबिन समितिका सिफारिस कार्यान्वयनसँगै आगामी दिनमा यस्ता घटनामा नागरिकको ज्यान जोगाउने र सुरक्षाकर्मीको जवाफदेहिता सुनिश्चित गर्ने संयन्त्र कति प्रभावकारी रूपमा कार्यान्वयन हुन्छ भन्ने विषय अब महत्वपूर्ण बनेको छ।





माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

## मधेशमा ट्रान्सफर्मर चोरी बढ्दै ............

इच्छापुरमा खानेपानीको ट्रान्सफर्मर चोरी भयो। सञ्चालनको तर्खरमा रहेको खानेपानी ट्रान्सफर्मर चोरी हुँदा समस्या भएको वडाध्यक्ष अवधकिशोर यादवले बताए । 'खानेपानी आयोजना सञ्चालनको तयारी थियो । ट्रान्सफर्मर चोरी भएपछि अन्योल भयो,' उनले भने।

उनका अनुसार यसअघि पनि वडा नम्बर ८ र ९ को बीचमा रहेको कृषि सिंचाइका लागि जडान गरिएको ट्रान्सफर्मर चोरी भएको थियो । पटकपटक ट्रान्सफर्मर चोरीको घटना भइरहेको र यसबारे प्रहरी प्रशासनलाई पनि जानकारी गराइएको उनको भनाइ छ।

२६ असारमा धनुषाको मिथिला नगरपालिका-२ नक्टाझिजस्थित खानेपानीको ट्रान्सफर्मर चोरी भयो । नक्टाझिजको साविक ६ नम्बर वडामा रहेको खानेपानी उपभोक्ता समितिको ट्रान्सफर्मर पोलबाट झारेर तेल र क्वाइल चोरी गरी लगे। त्यहाँको ट्रान्सफर्मर पहिलो पटक चोरी भएको होइन। त्यसअघि दुई पटक चोरी भइसकेको छ। चोरी नहोस् भनेर वेल्डिङ गरिएको थियो। तर वेल्डिङ तोडेरै चोरी भयो। चोरी भएपछि स्थानीयहरू खानेपानीबाट चार दिन वञ्चित भए। त्यहाँ अर्को टान्सफर्मर जडान गरेपछि खानेपानी पुनः सुचारु भयो।

धानबाली लगाएको यो मौसममा पानी नपर्दा किसान खडेरीको सामना गरिरहेका छन्। पानी नपर्दा इनार, बोरिङ, स्यालो ट्युबवेल लगायतबाट किसानहरू विद्युतीय मोटरको प्रयोग गरी सिंचाइ गरिरहेका छन् । तर सिंचाइका लागि जडान गरिएका ट्रान्सफर्मर चोरी हुन थालेपछि किसान चिन्तित भएका छन्।

त्यति मात्र होइन, पानीको सतह घट्दै गएपछि आम सर्वसाधारण विद्युतीय मोटर तथा खानेपानी आयोजनाबाट पानी उपभोग गरिरहेका छन् । तर खानेपानी आयोजनामा जडान भएका ट्रान्सफर्मरलाई पनि चोरले लक्षित गरेका छन्।

ट्रान्सफर्मर चोरीको घटना मधेशमा क्रमिक रूपमा बढ्दै गएको छ । मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०८२/०८३ मा ३३ वटा ट्रान्सफर्मर चोरी भएका छन्।

सबैभन्दा बढी महोत्तरीमा ११ वटा ट्रान्सफर्मर चोरी भएका छन्। सप्तरीमा ७ वटा, धनुषा र बारामा ४-४ वटा, सर्लाहीमा ३ वटा, सिरहामा २ र रौतहटमा एउटा ट्रान्सफर्मर चोरी भएको प्रदेश प्रहरी कार्यालयका सहायक प्रवक्ता एसपी भेषराज रिजालले जानकारी दिए।

रिजालले उपलब्ध गराएको तथ्यांकअनुसार पछिल्ला पाँच वर्षको तथ्यांकले पनि वर्षेनी ट्रान्सफर्मर चोरीको घटना बढ्दै गएको देखाउँ छ। आर्थिक वर्ष २०७८/७९ देखि २०८२/८३ सम्म मधेश प्रदेशमा १०१ वटा ट्रान्सफर्मर चोरी भएका छन्।

आर्थिक वर्ष २०८१/८२ मा २१ वटा ट्रान्सफर्मर चोरी भएका थिए । त्यस्तै, आव २०८०/८१ मा १२ वटा र २०७९/८० मा ७ वटा ट्रान्सफर्मर चोरी भएका थिए। आव २०७८/७९ मा भने २८ वटा ट्रान्सफर्मर चोरी भएका थिए। त्यस आर्थिक वर्षदेखि क्रमिक रूपमा घटेको चोरीको घटना पछिल्ला आर्थिक वर्षमा पुनः बढ्दै गएको तथ्यांकले देखाउँछ।

ट्रान्सफर्मर चोरीका कारण विद्युत् आपूर्ति अवरुद्ध हुनुका साथै नयाँ ट्रान्सफर्मर जडान तथा मर्मतमा प्राधिकरणमाथि थप आर्थिक भार पर्ने गरेको छ । खासगरी गाउँभन्दा केही पर चौरमा सिंचाइ प्रयोजनका लागि जडान गरिएका तथा खानेपानी योजनाका ट्रान्सफर्मर चोरको निशानामा छन्। चोरीको घटना बढ्दै गएपछि विद्युत् प्राधिकरण र प्रहरी प्रशासनसमेत हैरान छन् । यसको मारमा किसान तथा सर्वसाधारण परेका छन्।

विद्युत् प्राधिकरण वितरण केन्द्र सखुवा महेन्द्रनगरका प्रमुख मकसुद आलम चोरीका घटना रोक्न पछिल्लो समय ट्रान्सफर्मर जडान गर्दा वेल्डिङ गर्ने गरिएको बताउँछन्। तर वेल्डिङसमेत काटेर चोरी गर्ने गरेको उनको भनाइ छ।

'हामीले आफ्नो वितरण केन्द्रभित्र सिंचाइका लागि जडान गरिएका ट्रान्सफर्मर चोरी नहोस् भनेर वेल्डिङ गर्ने गरेका छौं। चोरहरूको टार्गेटमा खानेपानीका ट्रान्सफर्मर छन्। वेल्डिङ कटर, वायरलेसबाट पनि वेल्डिङ काटेर चोरी गर्ने गरेका छन्,' उनले भने।

आलमका अनुसार यस विषयमा जिल्ला प्रशासन कार्यालयमा भएको छलफलमा अनुगमन तथा गस्तीबारे पनि कुरा उठाइएको थियो। ट्रान्सफर्मर चोरी गर्ने गिरोह नै सक्रिय रहेकाले प्रहरी प्रशासनले चाहेमा यसको नियन्त्रण गर्न सकिने कुरा आफूले छलफलमा उठाएको उनले बताए।

चौरमा जडान गरिएका ट्रान्सफर्मर चोरीको उच्च जोखिममा छन्। यस्ता ट्रान्सफर्मर चोरी हुँदा पुनः जडान गर्न समस्या हुने गरेको छ।

मधेश प्रदेशका प्रहरी प्रमुख ओमप्रसाद अधिकारी बढ्दै गएको ट्रान्सफर्मर चोरीको घटनाप्रति प्रहरी गम्भीर रहेको बताउँछन्।

'ट्रान्सफर्मर चोरीका घटनाले प्रहरी पनि हैरान छ। यसबारे विद्युत् प्राधिकरणका प्रतिनिधिहरूसँग पनि छलफल भएको छ,' उनले भने, 'चोरी नियन्त्रण गर्न के-के गर्ने भन्नेबारे पनि विमर्श भएको छ। यसमा जडान गर्ने बेलामै चोरी नहोस् भन्ने आवश्यक सुरक्षाका उपाय अपनाउनु पर्छ।'

उनको भनाइमा ट्रान्सफर्मर जडान गर्ने बेला वेल्डिङ गर्दा केही हदसम्म चोरीबाट सुरक्षित हुन सक्छ। त्यसपछि ट्रान्सफर्मर जडान भएका क्षेत्रका सर्वसाधारणले पनि चोरी नहोस् भनेर सुरक्षा र निगरानीमा सचेतना अपनाउनु पर्ने उनी बताउँछन्।

नेपाल प्रहरीको वर्तमान जनशक्ति क्षमता युनिटहरूमा सीमित छ । सीमित जनशक्तिले सबै क्षेत्रको सुरक्षा तथा आवश्यक कार्यसम्पादन गर्नुपर्ने बाध्यता रहेको प्रहरी अधिकारीहरू बताउँछन्।

विद्युत् प्राधिकरण क्षेत्रीय कार्यालय जनकपुर, मुजेलियाका अनुसार मधेश प्रदेशमा करिब ८ हजार ट्रान्सफर्मर जाडान छ। चोरीको घटना बढेपछि कार्यालयले सर्वसाधारणमा नै सुरक्षा तथा निगरानी गर्ने गरी जनचेतना जगाउने र प्रहरी प्रशासनमा आग्रह गर्ने गरिएको छ।

'चोरीको घटना नियन्त्रण गर्न जहाँ टान्सफर्मर जडान छ, त्यहींका जनतालाई यसको रेखदेख, निगरानी र सुरक्षा दिन, लाइन कटेपछि फोन गरेर जानकारी गराउन आग्रह गरिरहेका छौं,' क्षेत्रीय कार्यालयका प्रमुख शम्भु कुसियैत यादवले भने, 'चोरीको घटनावृद्धि नहोस् भनेर मधेश प्रदेश प्रहरी कार्यालयलाई निगरानीको लागि पत्राचार गरेका छौं । जिल्ला प्रशासन तथा प्रहरी कार्यालयहरूलाई पनि अनुगमन तथा निगरानी र अनुसन्धानको लागि पत्राचार गरिएको छ।'

उनका अनुसार धनुषा, महोत्तरी र सिरहामा ट्रान्सफर्मर चोरीका तीन वटा मुद्दा पनि दर्ता गरिएको छ। प्राधिकरण एक्लैको निगरानीले ट्रान्सफर्मर सुरक्षित नहुने भएकाले सबैको सहयोग तथा निगरानी आवश्यक रहेको उनको भनाइ छ।

## देउवाको 'हिन्दु कार्ड' भारतीय राजनीतिमा राहुल ..............

हुन् ? के त्यो संभव छ ? निष्ठा र प्रतिबद्धता नै भए एउटा कुरा- अन्यथा क्षणिक स्वार्थका लागि 'धर्मको राजनीति' मार्फत वैयक्तिक आस्था तथा आध्यात्मिक 'पवित्रता' को विषयलाई राजनीतिको 'फोहरी खेल' मैदानमा जबर्जस्त तान्नु कति उचित हो ? के देउवा समर्थक कांग्रेसीहरूले अरु सबै कुरा सकिएर अस्तित्व रक्षाका लागि ठूलो स्वरमा 'म हिन्दु हुँ' भन्दै हिँड्नुपर्ने दुर्भाग्यपूर्ण अवस्था आई सक्यो ? कि यो पार्टीभित्रको शंकर भण्डारी समूहलाई अनुकूलन गरेर शक्ति संचय र गगन थापा पक्षलाई निस्तेज गर्ने रणनीति मात्रै हो ?

सन् २०१९ को चुनावतिर भारतमा कांग्रेस नेता राहुल गान्धी आफूलाई हिन्दु सिद्ध गर्न जनै देखाउँदै हिँड्थे। तर, त्यसले भारतीय राष्ट्रिय कांग्रेसको राजनीतिक पुनरुत्थानमा कुनै मद्दत गर्न सकेन । राजनीतिमा कुनै मुद्दा उठाउन त्यसको मौलिक पवित्रता चाहिन्छ । राहुलसँग त्यो थिएन । भारतीय राष्ट्रिय कांग्रेसको इतिहास, विचार, विरासत र परम्परासँग नमिल्दो थियो।

ठीक त्यही कुरा नेपाली कांग्रेसका हकमा पनि लागू हुन्छ। गिरिजाप्रसाद र सुशील कोइरालाले सहजीकरण गरेको प्रक्रियाबाट फिर्ता हुने अधिकार र क्षमता दुबै देउवा कांग्रेसले राख्दैन।

देउवाले हिन्दु कार्ड खेलेर छिमेकी देश भारतीय संस्थापनपक्षको सहानुभूति हासिल गर्दै शक्ति संचयमा हाबी हुन खोजेको हो भने त्यो अर्को असंगति र दुर्भाग्य हुन सक्दछ। भारत र नेपालका सन्दर्भहरू एकै र उस्तै छैनन्। भारतमा 'साँस्कृतिक राष्ट्रवाद' लाई वैचारिक आधारशीला मान्ने राजनीतिको भिन्नै मौलिक र लामो परम्परा छ। क्षणिक स्वार्थका लागि दिइने अभिव्यक्ति र खेलिने कार्डको निरर्थकता बुझ्न कसैलाई गाह्रो छैन। भारतीय संस्थापनपक्षका लागि देउवाको 'म हिन्दु हुँ' भन्ने अभिव्यक्तिले 'राहुल गान्धीको जनै प्रदर्शन' ले भन्दा ठूलो अर्थ राख्दैन।

ब्रतबन्ध र बिहे हिन्दु विधिअनुसार हुँदैमा कोही हिन्दुत्वको ज्ञाता, मर्मज्ञ र संवाहक हुँदैन, त्यो पनि रातारात।

हिन्दुत्वको कुनै एक चिन्तन पद्धति छैन । वैचारिक रूपमा यसका मुख्य ८ वटा समानान्तर चिन्तनधार छन्। वेदव्यासको वैदिक, पताञ्जलीको योग, जैमिनीको मिमांसा, वृहस्पतीको चार्वाक, कपिलको सांख्य, कणादको वैशेषिक र गौतमको न्याय दर्शन हिन्दु परम्परामा समान रूपले सम्मानित छन् । वेदान्त, उपनिषदहरू र शंकराचार्यको योगदान उत्तिकै सम्मानित छन् । भारतमा 'सेक्युलरिज्म' को अर्थ 'धर्मनिरपेक्ष' को साटो 'पन्थ निरपेक्ष' वा 'सम्प्रदाय निरपेक्ष' लगाउन थालिएको छ। देउवा र उनका अनुयायी कांग्रेसीहरूले यी यथार्थ कति अध्ययन गरेका वा बुझेका होलान् ?

पूर्वीय दर्शन र सभ्यतामा 'धर्म' शब्दको अर्थ अंग्रेजीको 'रिलिजन' भन्दा धेरै फरक छ। यसले कुनै 'सम्प्रदाय' मात्र बुझाउँदैन। क्राइस्ट, मोहम्मद, बुद्ध, महावीर आदि कुनै व्यक्तिको शिक्षणबाट निर्मित परम्पराको मात्र अर्थ दिँदैन। धर्मको अर्थ केलाउँदा मुख्य ४ वटा भाव पाइन्छन्।

एक- कुनै चिज, वस्तु, अस्तित्व वा प्रवर्गको प्राकृत/मौलिक चरित्र वा कर्तव्य। जस्तै, आगोको धर्म बल्नु, पोल्नु वा ताप दिनु। नुनको धर्म नुनिलो हुनु । पुलिसको धर्म सुरक्षा दिनु। शिक्षकको धर्म शिक्षा दिनु वा ज्ञान हस्तान्तरण गर्नु आदि।

दुई- निश्चित दार्शनिक विचार अभियानबाट निर्माण भएका अनुयायीहरूको सम्प्रदाय । जस्तो- क्राइस्टको विचार मान्ने क्रिश्चियन। बुद्धको विचार मान्ने बुद्धिष्ट, महावीरको विचार मान्ने जैन, पैगम्बर मोहम्मदको विचार मान्ने मुस्लिम आदि।

तेस्रो- मान्छेको आध्यात्मिक, नैतिक तथा व्यवहारिक जीवनलाई निर्देशित गर्ने तरिका वा जीवन दर्शन। जस्तो- रजनिशको ओशोधारा, पताञ्जलीको योग आदि।

चौथो- निश्चित प्रकारको इतिहास, परम्परा, संस्कृति, सामाजिक जीवन र मनोविज्ञानबाट भनेको मानव सभ्यताको समुच्चय । जस्तो-हिन्दु, किरात आदि।

यो वर्गीकरणमा 'हिन्दु' भनेको क्रिश्चियन, बुद्धिज्म, जैनिज्म, इस्लामिज्मजस्तो 'धर्म' होइन। 'किरात' जस्तो सभ्यता हो । किनकि हिन्दु कुनै व्यक्ति वा महापुरुषको वैचारिक, दार्शनिक विचारको प्रचारबाट बनेको सम्प्रदाय होइन । ठीक त्यस्तै गरी किरात पनि हिन्दुजस्तै एक सभ्यता हो, धर्म सम्प्रदाय मात्र होइन।

देउवापक्षले हिन्दु कार्ड खेल्दा न हिन्दुत्वको गहिरो अध्ययन न देशको राजनीतिक जटिलताको बोध न भूराजनीतिक यथार्थ आत्मसात् गरेको देखिन्छ । हिन्दी उखान 'डुबते को तिनके का साहरा' बाहेक देउवाको हिन्दु कार्डमा दम छैन। नेपाली राजिनीतिमा देउवाको हिन्दु कार्डले भारतीय राजनीतिमा 'राहुल गन्धीको जनै प्रदर्शन' ले भन्दा ठूलो माने राख्दैन।

## थोक बिक्रीस्थल ........

संरचना निर्माण गरी आँप बिक्रीका लागि कोसेली घर सञ्चालन गर्ने कार्यक्रम ल्याएको केन्द्रले जनाएको छ।

## आर्थिक अनुशासनमा कडाइ गर्दै मधेश प्रदेश ............

सवारीसाधन नपाउने कर्मचारीलाई सवारीसाधन उपलब्ध गराउने व्यवस्था खारेज गरी अब कानुनले तोकेका सचिव तथा सो सरहका पदाधिकारीलाई मात्र सवारीसाधन उपलब्ध गराउने व्यवस्था गरिएको छ। तोकिएको दरबन्दीभन्दा बढी रहेका सवारीसाधनको विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सङ्कलन गरी आवश्यकता र औचित्यका आधारमा अन्य निकायमा हस्तान्तरण गर्ने नीति लिइएको छ।

अर्थमन्त्री भट्टराईका अनुसार सार्वजनिक स्रोतसाधनको दोहोरो प्रयोग र दुरुपयोग रोक्न सवारीसाधन व्यवस्थापनलाई उच्च प्राथमिकता दिइएको छ। यसले सरकारी खर्च घटाउनुका साथै उपलब्ध स्रोतलाई प्राथमिकताका क्षेत्रमा परिचालन गर्न सहयोग पुग्ने सरकारको विश्वास छ।

विगतमा अनावश्यक रूपमा कार्यक्रम तथा बैठक आयोजना गरी ठूलो रकम खर्च गर्ने प्रवृत्तिलाई नियन्त्रण गरिएको छ। अब स्वीकृत लागत अनुमान र तोकिएको मापदण्डभित्र रहेर मात्र भैपरी खर्च गर्न पाइने व्यवस्था गरिएको मन्त्री भट्टराईले बताए। सामान्य कार्यक्रम, गोष्ठी तथा नियमित बैठक होटलमा आयोजना गरी फजुल खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै त्यस्ता कार्यक्रम सरकारी कार्यालयमै सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ।

मन्त्री तथा अन्य पदाधिकारी सहभागी हुने कार्यक्रममा दिइने खाना तथा खाजा खर्चमा हुने विविधता हटाउँदै मापदण्डअनुसार एकरूपता कायम गरिएको छ। यसबाट सरकारी कार्यक्रमका नाममा हुने अनावश्यक खर्च कटौती हुने अपेक्षा गरिएको मन्त्री भट्टराईको कथन छ।

प्रदेश सरकारले आर्थिक वर्षको अन्त्यमा बजेट सक्नकै लागि जथाभावी खर्च गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखलाई जिम्मेवार बनाउँदै स्वीकृत बजेटअनुसार खर्च नगरे जरिवानासहित असुलउपर गर्ने कानुनी प्रबन्ध मिलाइएको जनाएको छ।

अर्थमन्त्री भट्टराईका अनुसार असारे विकास र गैरजिम्मेवार खर्चको प्रवृत्तिलाई पूर्णरूपमा नियन्त्रण नगरेसम्म वित्तीय सुशासन कायम गर्न कठिन हुने भएकाले यस्तो व्यवस्था लागू गरिएको हो। स्रोत सुनिश्चितता नभएका बहुवर्षीय आयोजनाको घोषणा गर्ने प्रवृत्तिलाई रोक्दै प्रदेश नीति तथा योजना आयोगको प्राथमिकीकरण, मध्यमकालीन खर्च संरचना र वित्तीय स्रोतको सुनिश्चितताका आधारमा मात्र बहुवर्षीय आयोजना अघि बढाउने व्यवस्था कडाइ गरिएको छ।

मधेश प्रदेश सरकारले पछिल्लो समय बजेटको आकारभन्दा खर्चको गुणस्तर र कार्यान्वयन क्षमतालाई प्राथमिकता दिने नीति अघि सारेको छ। आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रदेश सरकारले अघिल्लो वर्षभन्दा कम आकारको बजेट ल्याउँदै मितव्ययिता, पुँजीगत खर्च र परिणाममुखी कार्यक्रमलाई प्राथमिकता दिएको मन्त्री भट्टराईले बताए। रासस

अपन दैनिक

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

साक्षर समाज-सक्षम राष्ट्र

अक्षर चिन्न सक्ने हातले मात्रै आफ्नो अधिकार चिन्न सक्छ, शिक्षित नागरिकले मात्रै समाज परिवर्तन गर्न सक्छ, साक्षरता भनेको केवल पढ्न लेख जान्नु मात्र होइन, यो आत्मविश्वास, रोजगारी, स्वास्थ्य र स्वतन्त्रताको ढोका हो।

शिक्षा:

- आत्मनिर्भर बन्नका लागि।
- रोजगारी र अवसरको लागि।
- लैंगिक, जातीय र क्षेत्रीय समानताका लागि।
- धार्मिक सहिष्णुता र सम्मानको लागि।
- अधिकार र कर्तव्य बोधका लागि।
- स्वास्थ्य सम्बन्धी सचेतनाका लागि।
- आर्थिक सशक्तिकरणका लागि।
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि।

नेपाल सरकार
विज्ञापन बोर्ड

